G ९८८८

रो. अ. वि. के. / श्र. ब. स. सू. / ३०

# श्रम बजार सम्बन्धी सूचना

(चितौन जिल्लामा यातायात क्षेत्रमा संलग्न जनशक्ति र तालीम आवश्यकता बारे अध्ययन प्रतिवेदन)

Nepal National Library

000006

श्री ५ को सरकार

श्रम तथा सामाजिक कल्याण मन्त्रालय

## श्रम विभाग

## रोजगार अनुसन्धान तथा विकास केन्द्र

पुतली सडक, काठमाडौं

फोन नं. ४–११३८०

२०४५ (1988)

Re
३३१.१२
श८३
०४५

७ ९८८८

नेपाल राष्ट्रिय पुस्तकालय हरिहर भवन

## विषय सूची

परिच्छेद I


| क्र.सं. | विषय | पेज नं. |
|---|---|---|
| क. | भूमिका | क |
| ख. | शर्वेक्षणको उद्देश्य | ख |
| ग. | अध्ययनको उद्देश्य | ग |
| घ. | शर्वेक्षण विधि तथा अवधि | ग |
| ङ. | सूझावहरू | घ |


परिच्छेद II

000006


| क्र.सं. | विषय | पेज नं. |
|---|---|---|
| १. | जिल्ला परिचय | १ |
| २. | रोजगारको स्थिती | १ |
| ३. | रोजगार विस्तारमा पर्ने कठिनाईहरू | ४ |
| ४. | गैर नेपालीहरूको संलग्नता | ५ |
| ५. | जनशक्तिको आवश्यकता | ६ |
| ६. | जनशक्तिको आपूर्ति | ६ |
| ७. | निष्कर्ष | ७ |


Nepal National Library

339.9
ने.329प्र
2045

000006

Nepal National Library

# भूमिका

देशको आर्थिक विकासमा शिपयुक्त जनशक्तिले महत्वपूर्ण भूमिका खेल्न सक्छ भन्ने कुरामा सबैको एक मत र विश्वास रहि आएको छ । जनशक्ति सम्वन्धि सहि तथ्यांकको अभावमा योजनाहरू तर्जुमा गर्न कठिनाई हुने हुदां यस सम्वन्धि तथ्यांकको माग दिन प्रति दिन बढ्दै जानु कुनै नौलो कुरा होईन । यस तथ्यलाई महसुस गरि रोजगार अनुसन्धान तथा विकास केन्द्रले चितौन जिल्लामा यातायात क्षेत्रमा संलग्न जनशक्ति र तालिम आवश्यकता बारे स्थलगत अध्ययन गरि त्यहांको स्थिती यस प्रतिवेदनमा वर्णन गरेको छ । यातायात क्षेत्रको जनशक्ति बारे चाख राख्नेहरूलाई यस प्रतिवेदनले मद्दत गर्ने छ भन्ने मलाई विश्वास छ ।

अन्तमा यो प्रतिवेदन तयार पार्न काम गर्ने कर्मचारीहरू श्री सुभाष राज पाठक, श्री जयन्त अधिकारी श्री सानु राजा महर्जनको साथै सर्वेक्षण संग सम्वन्धित सबैलाई धन्यवाद दिन चाहन्छु ।

(हस्ताक्षर) २०४६/२/१५

(हरि प्रसाद पोखरेल)
महा- निर्देशक
श्रम विभाग

(ख) सर्वेक्षणको उद्देश्य :-

कुनै पनि राष्ट्रको आर्थिक विकासमा र जनशक्तिले महत्वपूर्ण भूमिका खेली रहेको हुन्छ । अन्य श्रोतहरू मध्ये मानविय श्रोतनै प्रमुख मानिन्छ । तर शिप युक्त जनशक्ति राष्ट्रको लागि वरदान सावित हुन्छ भने शिपरहित जनशक्ति राष्ट्र को निम्ति बोझ नै हो । हाम्रो जस्तो विकास शिल राष्ट्रमा शिपविहिन वेरोजगार तथा अर्ध वेरोजगार व्यक्तिहरू पर्याप्त पाइन्छन भने गैर कृषि कार्यको लागि आवश्यक पर्ने शिपयुक्त जनशक्तिको भने आवश्यकता हुन्छ । यसले गर्दा देशमा सिर्जना भएका रोजगारीका अवसरहरूको उपभोग गैर नेपाली श्रमिकहरूले गरिरहेका छन । वढि से वढि नेपालीहरूलाई उत्पादनशिल कार्यमा संलग्न गराई उनीहरूको क्रय शक्ति वढाउने श्री ५ को सरकारको उद्देश्य रहेको हुदा यस उद्देश्य पूर्तिको निमित्त राष्ट्रमा गैर कृषि उत्पादन शिल कार्यमा कति व्यक्तिहरू संलग्न छन । निकट भविष्यमा त्यस्ता व्यक्तिहरूको आवश्यकता कति पर्दछ र कस्तो किसिमको तालिमको आवश्यकता पर्दछ आदि कुराहरूको विस्तृत जानकारी भईरहनु आवश्यक देखिन्छ । यहि कुरा ध्यानमा राखि श्रम विभाग रोजगार अनुसंन्धान तथा विकास केन्द्रले चितौन जिल्लामा संलग्न यातायात क्षेत्रमा कार्यरत जनशक्ति वारे अध्ययन गरि यस व्यवसायको विकास र विस्तारको लागि आवश्यक सुझावहरू सहित यो प्रतिवेदन पेश गरेको छ । यस प्रतिवेदनमा चितौन जिल्ला स्थित यातायात क्षेत्रको श्रम वजार संम्वन्धि सूचना उल्लेख गरिएको छ ।

(ग) अध्ययनको उद्देश्य :-

(१) यातायात क्षेत्रमा संलग्न जनशक्ति बारे सहि जानकारी हासिल गर्न ।
(२) निकट भविष्यमा आवश्यक पर्ने जनशक्ति बारे जानकारी हासिल गर्न ।
(३) यातायात क्षेत्रमा रोजगारीका अवसरहरू वृद्धि हुने अवरोधका रूपमा रहेका कुराहरू पत्ता लगाउन ।
(४) यस क्षेत्रमा संलग्न व्यक्तिहरूलाई के कस्तो तालिमको आवश्यकता छ सो कुरा पत्ता लगाउन ।
(५) संगठित यातायात व्यवसायिहरू बारे सहि जानकारी हासिल गर्न ।

(घ) सर्वेक्षण विधि तथा अवधि :-

चितौन जिल्लामा यातायात संग सम्बन्धित विभिन्न व्यक्तिहरूलाई सर्वेक्षण टोलीले भेटि विभिन्न प्रश्नहरू गरि सूचनाहरू संकलन गरिएको थियो । यसको लागि रोजगार अनुसंन्धान तथा विकास केन्द्र द्वारा तयार पारिएको प्रश्नावलीको प्रयोग गर्नुको साथै कतिपय मौखिक कुराकानी समेत भएको थियो । यस कार्यको लागि रोजगार अनुसंन्धान तथा विकास केन्द्रका दुई जना कर्मचारीहरू लाई करिब १५ दिन समय लागको थियो । सूचना संकलनको सिलसिलामा जिल्लाका प्रतिष्ठित व्यक्तिहरूलाई समेत भेटि कुराकानी गरिएको थियो ।

ङ०) सुझावहरू :-

चितौन जिल्लामा यातायात क्षेत्रको विकास यस क्षेत्रमा रोजगार वृद्धि को लागि शर्वेक्षण टोलीले निम्न सुझावहरू पेश गर्दछ ।

(१) यातायात क्षेत्रमा संलग्न कर्मचारी तथा मजदुरहरूलाई कारखाना तथा कारखानामा काम गर्ने कर्मचारी तथा मजदुरहरूले पाए सरह सौलियत र सुविधा हरू उपलब्ध गराउनु पर्ने देखिन्छ ।

(२) संगठित रूपमा यातायात व्यवसाय संचालन गर्न चाहने व्यक्तिहरूलाई यातायात व्यवसाय दर्ता गर्ने निकायले छिटो छरिटो रूपमा सूलभ तरिकावाट दर्ता गरि दिनु पर्ने देखिन्छ ।

(३) यातायात व्यवसाय संचालन कर्ताहरूलाई सुलभ व्याजदरमा वितिय निकायहरू द्वारा ऋृण दिने व्यवस्था मिलाउनुको साथै झंझटिया कुराहरूमा ढिला सुस्ति हुन दिन नहुने कुराको सुझाव गरिन्छ ।

(४) गाडिको लागि आवश्यक स्पेयर पार्टहरू आयात गर्ने सुविधा दिनुको साथै यसको लागि आवश्यक पर्ने विदेश मुद्राको सटही सुविधा संम्वन्धित निकायले दिनु पर्ने देखिन्छ ।

(५) जिल्लामा एक गाउं पंचायत देखि अर्को गाउं पंचायत जोडन सडकहरुको निर्माणको लागि श्री ५ को सरकारले केहि अनुदान समेत दिई जनश्रमदानको परिचालन गर्नु पर्दछ । जसले गर्दा यातायातको विकास हुनुको साथै रोजगारीमा समेत वृद्धि हुन जान देखिन्छ ।

१. जिल्ला परिचय :-

पूर्व पश्चिम राजमार्गको निर्माण हुनु भन्दा अगाडि चितौन जिल्लामा कुनै किसिमको यातायातको सुविधा थिएन । पूर्व पश्चिम राजमार्गको निर्माण र नारायणगढ-मुगलिङ० सडक निर्माणले गर्दा चितौन जिल्लाको नारायणगढ वजार यातायातको दृटिले ठुलो केन्द्र वन्न पुगेको छ । यस जिल्लाको केहि गाउं पंचायत हरुमा समेत कच्चि सडकहरुको निर्माणले गर्दा ग्रामिण वासिन्दाहरु समेत केहि हदसम्म भए पनि यातायातको सुविधावाट लाभान्वित भएका छन ।

सडक यातायातको राम्रो विकास यस जिल्ला देखि अन्य जिल्लाहरु संग जोडने सडक यातायात आदिको विकासले गर्दा यस जिल्लाका वासिन्दाहरु यातायात क्षेत्रमा व्यवसाय संचालन गर्न निकै उत्सुक देखिनुको साथै हाल सम्म संस्थागत रुपमा जम्मा ११ वटा कम्पनीहरु यस जिल्लामा दर्ता भई यस जिल्लालाई मात्र होइन अन्य जिल्लाहरुलाई समेत नियमित सेवा पु-याइएको कुरा अध्ययनवाट पत्ता लागेको छ । दर्ता भई सेवा पु-याइ रहेका ११ वटा यातायात व्यवसाय कम्पनीहरु मध्ये ५ वटा पार्टनरसिप र ६ वटा प्राइभेट लिमिटेडको रुपमा सेवा पु-याइ रहेका छन । यी देखि वाहेक कतिपय रिक्सा तथा मिनिवसहरुले स्थानीय वासिन्दाहरुलाई सेवा उपलब्ध गराइरहेका छन । यस्ता रिक्सा तथा मिनिवस सम्वन्धि तथ्यांकहरु यस प्रतिवेदनमा उल्लेख गरिएको छैन ।

२. रोजगारको स्थिती :-

चितौन जिल्ला नेपालका विभिन्न जिल्लाहरु मध्ये आर्थिक दृटिले सदाम मानिन्छ । यस जिल्लाका कृषिको अलावा उद्योग,वानिज्य जस्ता आर्थिक क्रियाकलापहरुमा मानिसहरु लागेका देखिन्छन । निर्माण क्षेत्रमा पनि धेरै

मानिस हरूले रोजगारीका अवसरहरू उपभोग गरिरहेका छन । २०३८ सालको जन–गणना अनुसार यस जिल्लामा जम्मा २,५६,५७१ जना वासिन्दाहरू छन जसमध्ये ६,१७,३२ अर्थात ३५.३३ ’। व्यक्तिहरूमात्र आर्थिक दृष्टिले सक्षम छन । आर्थिक दृष्टिले सक्षम जनसंख्या मध्ये ५०६ अर्थात ०५ ’। जनशक्ति यातायात क्षेत्रमा रोजगारी भईरहेको कुरा थाहा हुन आएको छ ।

चितौन जिल्लामा यातायात क्षेत्रमा संलग्न जनशक्ति बारे अध्ययन गर्दा संगठित रूपमा जम्मा ११ वटा कंम्पनीहरू दर्ता भई काम गरिरहेको पाइयो । जम्मा ११ वटा यातायात व्यवसाय कंम्पनीहरूले ५०६ जना व्यक्तिहरूलाई रोजगारीका अवसरहरू दिईरहेको पाइयो । प्रतिशतको आधारमा यो संख्या ज्यादै नगण्य छ । ५०६ जना व्यक्तिहरू सबै पुरूष भएको कुरा थाहा हुन आएको छ । तल तालिका नं. १ मा यातायात व्यवसाय कंम्पनीहरू र तिनका कार्यरत जनशक्ति बारे दिइएको छ ।

तालिका नं. १

१. राजभण्डारी ट्राभल्स ---------------------- १८ जना
२. पृथ्वी राजमार्ग बस संचालक समिति ---------- २५ ,,
३. श्रम ज्योती बस सेवा ---------------------- ५ ,,
४. चन्द्र विन्दु मिनिबस सेवा ----------------- ३ ,,
५. डेम्लर बेन्च सेवा ------------------------ ३ ,,
६. चितवन क्यारियर्स ------------------------ ८ ,,

७. गौरी यातायात ---------------------- ६ जना
८. एस. इ. ट्रान्सपोर्ट ---------------------- २५ ,,
९. लम्जुङ० कालिकि जय ---------------------- ८ ,,
१०. नारायणी यातायात सेवा ------------ ७ ,,
११. जय दुर्गा टेम्पो सर्भिस --------------- १ ,,
१२. अन्य ------------------------------४०० ,,

५०९

अन्तर्वार्ताको सिलसिलामा यातायात क्षेत्र संग संम्बन्धित व्यक्तिहरू र प्रतिष्ठित व्यक्तिहरू संग यातायात क्षेत्रमा रोजगार विस्तार संभावना संम्वन्धमा विभिन्न प्रश्नहरू सोधिएको थियो । भविष्यमा जिल्लाका विभिन्न पंचायतहरूलाई जोड्ने मार्गहरू निमार्ण हुदै जानुको साथै यातायातका साधानहरूकोसमेत वृद्धि हुदै जाने हुदां रोजगार वृद्धिको पर्याप्त संभावना छ भनि विभिन्न व्यक्तिहरूले राय व्यक्त गरेका थिए । तर यस कार्यको लागि श्री ५ को सरकारको सहयोग ज्यादै आवश्यक छ भनि विभिन्न व्यक्तिहरूले वताएका थिए ।

तालिका नं. २ मा रोजगारी अनुसार जनशक्ति

तालिका नं. २

(१) प्रोप्राइटर --------------- १२ जना
(२) मेनेजर ------------ ------- ४ ,,
(३) एकाउन्टेण्ट ,क्यासियर्स ----- ५ ,,
(४) टिकट काट्ने ------------ ६ ,,

G ৭৫৮২

(५) ड्राइभर ------------------ ३३ जना
(६) खलासी ------------------ ३४ ,,
(७) अन्य ------------------ ४०० ,,

कूल जम्मा ५०६

( अन्य - ट्रक ड्राइभर र खलासी २०० जना, मिनिबस ड्राइभर र खलासी ५०जना, टेम्पो चालक ५० जना र रिक्सा चालक करिब १०० जना )

३. रोजगार बिस्तारमा परेका कठिनाईहरू :-

यातायात क्षेत्र संग सम्बन्धित व्यक्तिहरू र जिल्लाका प्रतिष्ठित व्यक्तिहरू संग यस क्षेत्रमा रोजगार वृद्धिको लागि के कस्ता समस्याहरू छन भनि विभिन्न प्रश्नहरू गरिएको थियो । सोधिएका प्रश्नहरूको जवाफमा सवै जसोले आर्थिक अभाव, समयमा स्पेयर्स पार्ट नपाउनु, दक्ष जनशक्तिको अभाव, अन्य कंम्पनीका गाडीहरू संग प्रतिस्पर्धा, राम्रो अटोमेकानिक्स वर्कसपको अभाव इत्यादिले गर्दा रोजगार वृद्धिमा कठिनाई परिरहेको छ भनि वताएका थिए । अन्तर्वार्ता दिने कंम्पनीहरू मध्ये राजभण्डारी ट्राभल्सले स्पेयर्स पार्टको अभाव, अन्य कंम्पनीका गाडीहरू प्रतिस्पर्धा र भने जति यात्रु र सामान नपाउनु आदि समस्या भएको कुरा वताएको थियो । पृथ्वी राजमार्ग वस संचालनक समिति, श्रम ज्योती वस सेवा, डेम्वलर वेन्च सेवा, लमजुङ० कालिकी जय, नारायणी यातायात सेवा, जय दुर्गे टेम्पो, सर्भिस आदिले आर्थिक कठिनाई, स्पेयर्स पार्टस समयमा नपाउनु अन्य कंम्पनीका गाडी

हरू संग प्रतिस्पर्धा र भने जति यात्रु र सामान नपाउनु आदि कारणहरूले गर्दा रोजगार वृद्धिमा कठिनाई भई रहेको छ भनि बताएका थिए । यस्तै चन्द्र विन्दु मिनिवस सेवाले आर्थिक कठिनाई स्पेयर्स पार्ट समयमा नपाउनु, प्रतिस्पर्धा आदिले गर्दा ठूलो समस्या खडा भएको कुरा बताएको थियो । गौरी यातायात चितौनले आफुलाई आर्थिक कठिनाई, स्पेयर्स पार्टस समयमा नपाउनु, दक्ष कामदार नपाउनु र अन्य कंम्पनीका गाडीहरू संग प्रतिस्पर्धाले गर्दा रोजगार वृद्धिमा समस्या खडा भएको छ भनि आफ्नो राय व्यक्त गरेको थियो । त्यस्तै यस.इ.ट्रान्सपोर्टले आर्थिक कठिनाई र अन्य कंम्पनीका गाडीहरू संग प्रतिस्पर्धा जस्ता कठिनाई भएको कुरा बताएको थियो । असंगठित रूपमा संचालित टेम्पो, ट्रक, रिक्सा आदिले प्रतिस्पर्धा र समयमा यात्रु र सामान नपाउनुले गर्दा रोजगार वृद्धिमा कठिनाई भएको कुरा संम्वन्धित व्यक्तिहरूले राय व्यक्त गरेका थिए ।

## ४. गैर नेपालीहरूको संलग्नता :-

चितौन जिल्लामा संचालित उद्योग व्यवसायहरू, निर्माण कार्यहरू, इंटा तथा टायल उद्योगहरू आदिमा गैर नेपालीहरूको संलग्नता रहेको कुरा चितौन जिल्लाको श्रम वजार संम्वन्धि सूचनाको प्रतिवेदनमा स्पष्ट देखाएको छ । यातायात क्षेत्रमा संलग्न जनशक्तिवारे स्थलगत अध्ययन भ्रमण गर्दा विभिन्न व्यक्तिहरू संग तत्संम्वन्धमा सोधपुछ गर्दा यातायात क्षेत्रमा एक जना मात्र पनि गैर नेपाली नभएको कुरा थाहा हुन आएको छ । यातायात क्षेत्रमा ५०६ जना व्यक्तिहरू संलग्न भएको पाइयो जसमा संम्पूर्ण नेपाली पुरूषहरू मात्र भएको कुरा शर्वेक्षण अध्ययनवाट पत्ता लागेको छ ।

५. जनशक्तिको आवश्यकता :-

चितौन जिल्ला स्थित यातायात क्षेत्रसंग संम्वन्धित विभिन्न व्यक्तिहरूलाई शर्वेक्षण टोलीले भेटी जनशक्तिको आवश्यकता बारेमा विभिन्न प्रश्नहरू गरेको थियो । हाल जनशक्तिको आवश्यकता नभएको कुरा विभिन्न व्यक्तिहरूले वताएका थिए । तर कसै कसैले ड्राइभरहरू १।२ जना जगेडामा राख्नु पर्दछ भनस्ले गर्दा एउटा विरामी हुदां साधन रोकि राख्नु नपर्ने कुरा वताएका थिए । कुनै २ समयमा खलासीहरू आवश्यक पर्ने तर त्यसको आपूर्ति १।२ दिन भित्रमानै गर्न सकिने कुरा वताएका थिए । तर ड्राइभरको आवश्यक पूर्ति गर्न भने केहि समय लाग्ने कुरा विभिन्न व्यक्तिहरूले वताएका थिए ।

६. जनशक्तिको आपूर्ति :-

यातायात क्षेत्र संग संम्वन्धित खास गरि ड्राइभर, अटो मैकानिक्स जस्ता जनशक्तिहरू आपूर्ति गर्ने संस्था यस जिल्लामा नभए र जति पनि ड्राइभर अटो मैकानिक्सहरू छन ति सबै अन्य ठाउंवाट तालिम लिई त्यस जिल्लामा रोजगारी गरि रहेका छन । कसै कसैले खलासी हुदा हुदै ड्राइभर र मेशिन संम्वन्धि साधारण ज्ञान समेत हासिल गरि सकेका छन । ड्राइभरको आवश्यकता पर्दा अन्यत्र समेत खोज्न जानु पर्दछ भनि शर्वेक्षणको समयमा विभिन्न व्यक्तिहरूले आफ्नो राय व्यक्त गरेका थिए ।

७. निष्कर्ष :-

(१) पूर्व पश्चिम राजमार्गको निर्माण र नारायणघाट -मुगलिङ वाटोको निर्माणले गर्दा चितौन जिल्ला यातायात क्षेत्रमा निकै अगाडी वढेको हो र यस जिल्लामा संगठित र असंगठित दुवै रूपमा यातायात व्यवसायहरू यस जिल्लालाई मात्र नभई अन्य जिल्लाहरूलाई समेत यातायातको सुविधा पुऱ्याइ रहेका छन ।

(२) सर्भेक्षणवाट प्राप्त तथ्यांक अनुसार चितौन जिल्लामा जम्मा ५०६ जना व्यक्तिहरू यातायात व्यवसायमा संलग्न देखिन्छन । यी संम्पूर्ण व्यक्तिहरू नेपाली पुरूषहरू मात्र छन ।

(३) सर्भेक्षण अध्ययनवाट के पत्ता लाग्न गएको छ भने यातायात क्षेत्रमा रोजगारीका संभावनाहरू निकै छन तर विभिन्न कठिनाईहरू जस्तो आर्थिक समस्या, स्पेयर्स पार्ट समयमा नपाउनु, अन्य कंम्पनीका गाडीहरू संग प्रतिस्पर्धा, समयमा यात्रु र सामान नपाउनु, अटो मेकानिक्स वर्कसपहरू प्रसस्त नहुनु आदि कारणहरूले गर्दा रोजगार वृद्धिमा असर पारिरहेको छ ।

(४) यस क्षेत्रमा हाल जनशक्तिको आवश्यकता नभएको तर भविष्यमा ड्राइभर,अटो मेकानिकसहरूको माग बढ्ने कुरा टड्कारो रूपमा देखिएको छ तर यस्ता जनशक्ति आपूर्ति गर्ने संस्था चितौन जिल्लामा नभएको हुँदा अन्य ठाउँबाट आउने हरूको भर पर्नु पर्दछ ।

(५) चितौन जिल्लामा यातायात सेवालाई सुसंगठित र छिटो छरितो रूपमा संचालन गरि जनसाधारण लाई सुविधा उपलब्ध गराउनुको लागि ठाउं ठाउंमा अटो वर्कसप ,इन्धन आपूर्ति व्यवस्था, रोड परमिट व्यवस्था आदिको राम्रो व्यवस्था हुनु पर्दछ ।

समाप्त